कर्णाली प्रदेश सरकारको वित्तीय जोखिम मूल्याङ्कन प्रतिवेदन

(आर्थिक वर्ष २०८१/८२)

कर्णाली प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

२०८२, माघ

आ.व. २०८१/८२ को कर्णाली प्रदेश सरकारको वित्तीय जोखिम मूल्याङ्कन प्रतिवेदन

१. पृष्ठभूमिः

कर्णाली प्रदेश सरकारको वित्तीय प्रणालीलाई व्यवस्थित, पारदर्शी, मितव्ययी र प्रभावकारी बनाउन प्रदेशको वित्तीय जोखिम व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान तथा सोको समसामयिक सुधार गरी वित्तीय सुशासनलाई संस्थागत गर्ने उद्देश्यले कर्णाली प्रदेश सरकारबाट वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ तर्जुमा गरी सोको आधारमा कर्णाली प्रदेश सरकारका सबै विषयगत मन्त्रालयले अनिवार्य रुपमा वित्तीय सुशासन जोखिमको अनुसूची-२ बमोजिमको सूचकको आधारमा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। विषयगत मन्त्रालयले अनुसूची-२ बमोजिम मूल्याङ्कन गर्दा विभिन्न सूचकको लागि अङ्कभार तोकिएको र सो अङ्कभारका आधारमा वित्तीय जोखिमको अवस्था चार भागमा वर्गीकरण समेत गरिएको छ। सोही अवस्थाको मूल्याङ्कन गरी विषयगत मन्त्रालयले उक्त जोखिम न्यूनीकरणको लागि अनुसूची-८ बमोजिमको कार्ययोजना समेत तर्जुमा गर्नुपर्ने र सोको कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ।विषयगत मन्त्रालय र निकायले अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी वित्तीय जोखिम मूल्याङ्कन गरी प्रत्येक वर्षको मंसिर महिनाको पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने र प्राप्त प्रतिवेदनका आधारमा पौष मसान्तभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको एकीकृत वित्तीय जोखिम मूल्याङ्कन सम्पन्न गरी सोको प्रतिवेदन माघ पन्ध्र गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ।

यसै सन्दर्भमा आर्थिक वर्ष २०८१/८२ मा कर्णाली प्रदेश सरकारका मन्त्रालयबाट सम्पादन भए गरेका कामकारवाहीको सन्दर्भमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी सोबाट देखिएका सम्भावित जोखिमको आधारमा आगामी आर्थिक वर्षको मार्गदर्शनको लागि जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा गरिएको छ।

२. लक्ष्यः

क) वित्तीय सुशासन जोखिमका क्षेत्र पहिचान गर्ने,

ख) आमागी आर्थिक वर्षमा यस प्रकारका जोखिम न्यूनीकरणको लागि सुधारका उपाय अवलम्बन गर्ने,

ग) आर्थिक अनुशासन तथा सुशासन कायम गर्ने,

घ) सबै प्रकारका कारोबार तथा कामकारवाहीमा उत्तरदायित्वको प्रवर्द्धन गर्ने।

३. उद्देश्यः

क) वित्तीय सुशासन कायम गरी बजेट तर्जुमा, कार्यान्वयन तथा प्रतिवेदन प्रणालीमा सुधार गर्ने,

ख) राजस्व संकलन तथा प्रतिवेदन प्रणालीमा सुधार गर्ने,

ग) समयमा नै जोखिमको पहिचान गरी सोमा सुधार गर्ने।

४. वित्तीय जोखिमको परिचयः

सार्वजनिक कोष सम्बन्धी जोखिम एवम् सरकारी बजेटको तर्जुमा, कार्यान्वयन तथा प्रतिवेदनसँग सम्बन्धित जोखिमलाई वित्तीय जोखिम भनिन्छ। वित्तीय जोखिम अन्तर्गत खासगरी प्रक्रिया, नतिजा र वित्तीय अनुशासन गरी तीन प्रकारका जोखिम पर्दछन्।

क) **"प्रक्रियाको जोखिम"** भन्नाले सार्वजनिक वित्तीय साधन स्रोतको प्रयोग गर्दा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया उल्लङ्घन हुनसक्ने अवस्था सम्झनु पर्छ।

ख) **"नतिजाको जोखिम"** भन्नाले सार्वजनिक स्रोत साधनको प्रयोगबाट पूर्व निर्धारित लक्ष्य अनुरुपको परिणाम प्राप्ति हुन नसक्ने सम्भावित अवस्था सम्झनु पर्छ।

ग) **"वित्तीय अनुशासनको जोखिम"** भन्नाले प्रदेश सरकारको योजना तथा बजेट तर्जुमा, बजेट कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन, लेखापरीक्षण र राजस्व प्रशासनमा निर्धारित प्रक्रियाको पालना नहुने, सार्वजनिक वित्तीय स्रोत तथा साधन लक्षित वर्ग, निर्धारित लक्ष्य, कार्य र प्रयोजनमा खर्च नहुने, उपलब्ध स्रोत कम प्राथमिकताको क्षेत्रमा खर्च हुने तथा भ्रष्ट्राचारजन्य क्रियाकलाप भई अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावना सम्झनुपर्छ।

५. सार्बजनिक वित्तीय व्यवस्थापन तथा वित्तीय जोखिमका आयामहरू:

सार्वजनिक वित्तीय व्यवस्थापन अन्तर्गत सरकारद्वारा राजस्व सङ्कलन, बजेट तर्जुमा, खर्च व्यवस्थापन, लेखा—परीक्षण र प्रतिवेदन गर्ने सम्पूर्ण प्रक्रिया हो। यसको मुख्य उद्देश्य सार्वजनिक स्रोतको प्रभावकारी, पारदर्शी र जवाफदेही प्रयोग सुनिश्चित गर्नु हो।

वित्तीय जोखिम (Financial Risk) का आयामहरुः वित्तीय जोखिम सार्वजनिक वित्तीय लक्ष्य प्राप्तिमा अवरोध पुऱ्याउन सक्ने अनिश्चितता वा सम्भावित क्षति हो। यसको प्रमुख आयामहरू यसप्रकार छन्:

- **क) आम्दानीमा जोखिम (Revenue Risk):** प्रदेशमा लक्ष्य अनुरुपको राजस्व प्राप्ति नहुनु। नेपाल सरकारबाट प्रतिवद्धता गरिए अनुसारको वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको रकम प्राप्त हुन नसक्नु।
- **ख) खर्च जोखिम (Expenditure Risk):** आयोजनाको लागत बढ्नु, आयोजना कार्यान्वयनमा ढिलाइ, चालु खर्चमा अधिक वृद्धि हुनु।
- **ग) भुक्तानीमा जोखिम (Payment Risk):** समयमै नगद उपलब्ध नहुँदा भुक्तानी अवरुद्ध हुनु।
- **घ) वित्तीय प्रतिवेदनमा जोखिम (Financial Report Risk):** समयमै प्रदेश सरकारबाट तर्जुमा हुने वित्तीय प्रतिवेदन तयारी हुन नसक्नु।
- **ङ) संस्थागत/शासन जोखिम (Governance Risk):** वित्तीय सुशासनको कमी हुनु
- **च) प्राकृतिक तथा बाह्य जोखिमः** विपद् व्यवस्थापनमा पर्याप्त स्रोत साधनको कमी रहनु।

६. वित्तीय जोखिमका प्रकार, तह तथा श्रेणीहरु

६.१ वित्तीय जोखिमका प्रकारः (Types of Financial Risk)

क) आम्दानी/आयको जोखिम
ख) खर्च/व्ययको जोखिम
ग) वित्तीय प्रतिवेदनको जोखिम
घ) वित्तीय सुशासनको जोखिम
ङ) प्राकृतिक प्रकोप तथा विपद् सम्बन्धी जोखिम

६.२ वित्तीय जोखिमका तहः (Level of Financial Risk)

क) **रणनीतिक तह (Strategic Level)**
- दिर्घकालीन आर्थिक नीति
- राजस्व संरचना तथा आर्थिक स्थायित्वसँग सम्बन्धित जोखिम

ख) **कार्यक्रम/नीति तह (Program/Policy Level)**
- बजेट कार्यक्रम, आयोजना छनोट तथा प्राथमिकीकरण सम्बन्धी जोखिम
- नीति कार्यान्वयनमा असफलताको जोखिम

ग) **सञ्चालन तह (Operational Level)**
- लेखाङ्कन तथा भुक्तानीमा जोखिम
- खरिद प्रक्रियामा जोखिम

६.३ वित्तीय जोखिमका श्रेणी (Categories of Financial Risk)

क) आन्तरिक जोखिम
- व्यवस्थापन कमजोरी
- मानव स्रोत र प्रणालीगत समस्या

ख) बाह्य जोखिम
- आर्थिक अवस्था तथा प्रदेशको आयस्रोतमा कमी
- प्राकृतिक तथा अन्तर्राष्ट्रिय प्रभाव

ग) नियन्त्रित गर्न सकिने जोखिम
- खर्च नियन्त्रण, आन्तरिक नियन्त्रण
- लेखापरीक्षणमा सुधार

घ) नियन्त्रित गर्न नसकिने जोखिम
- प्राकृतिक विपद्
- आर्थिक संकट

७. <u>वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको रणनीतिक प्राथमिकताहरुः</u>

क) योजना, बजेट तथा कार्यक्रम प्रभावकारी बनाउने,

ख) बजेट कार्यान्वयन क्षमता बढोत्तरी गर्ने,

ग) प्रदेशको राजस्व सङ्कलन परिचालन र बाँडफाँटमा प्रभावकारी बनाउने,

घ) लेखापालन तथा लेखाङ्कनमा सुदृढीकरण बनाउने,

ङ) प्रभावकारी वित्तीय अनुगमन, पारदर्शिता र जवाफदेहिता सुदृढ गर्ने।

८. <u>वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको दायराः</u>

वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको दायरा कर्णाली प्रदेश सरकार तथा मातहतका सबै मन्त्रालय तथा सो मातहतका कार्यालयको लागि लागु हुने तथा प्रदेशको समग्र वित्तीय सुशासन कायम गर्ने दिशामा केन्द्रित रहने छ।

९. <u>वित्तीय जोखिम न्यूनीकरण कार्ययोजनाको अवधिः</u>

कर्णाली प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०८१ अनुसार प्रत्येक बर्षको कार्तिक मसान्तभित्र मन्त्रालय र निकायहरुले गत आ.व.को वित्तीय सुशासन जोखिम मूल्याङ्कन गरी आगामी आर्थिक वर्षको सुधारको लागि कार्ययोजना तर्जुमा गर्नुपर्ने कानूनी व्यवस्था रहेको हुँदा यो कार्ययोजनाको आ.व. २०८२/८३ को लागि हुनेछ।

१०. <u>सार्बजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित सरोकारवालाहरु, संस्थागत सम्बन्ध तथा नागरिक सहभागिताको पद्धति</u>

वित्तीय जोखिम मूल्याङ्कन तथा कार्ययोजना तर्जुमाको क्रममा प्रदेश सरकारका सबै मन्त्रालय र निकायहरुको सहभागीता तथा रहेको छ। मन्त्रालयगत रुपमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्दा मन्त्रालयका सबै महाशाखा तथा शाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधि र प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रतिनिधीको सहभागीता रहेको थियो।

११. <u>वित्तीय जोखिम मूल्याङ्कन सारांश</u>

कर्णाली प्रदेश सरकारका विषयगत मन्त्रालयले अनुसूची-२ बमोजिम वित्तीय जोखिमको मूल्याङ्कन गरी यस मन्त्रालयमा पेश गरेको प्रतिवेदनका आधारमा मन्त्रालयहरुले प्राप्त गरेको अङ्कलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

<u>मन्त्रालयहरुबाट प्राप्त वित्तीय जोखिमको स्थिति लेखाजोखा मूल्याङ्कनका सूचक र अङ्क गणना</u>

१. योजना तर्जुमा, वार्षिक कार्यक्रम तथा बजेट व्यवस्थापनः

विवरण	पूर्णाङ्क	प्राप्ताङ्क							कै.
		मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	आर्थिक मामिला तथा योजना मन्त्रालय	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	सामाजिक विकास मन्त्रालय	
(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक									
१. प्रदेश सभाबाट स्वीकृत वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत भएको एकमहिनाभित्र योजना/प्रगति अनुगमन प्रणालीमा प्रविष्टि गरी आफ्नो वेबसाइट मार्फत् सार्वजनिक गरेको। (०.५+०.५)	१	०.५	१	०	१	०	१	०	

२. मन्त्रालय तथा निकायसँग सम्बन्धित वार्षिक बजेट तथा कार्यक्रम दस्तावेजमा आयोजनाको प्राथमिकीकरण गर्ने गरिएको।	१	१	०	१	१	१	१	०	
३. आर्थिक मामिला तथा योजना मन्त्रालयले विनियोजन विधेयक प्रमाणीकरण भएको सात दिन भित्र विषयगत मन्त्रालय र निकायलाई खर्च गर्ने मार्गदर्शन तथा स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन पठाएको। (०.५+०.५)	१	NA	१	NA	NA	NA	NA	NA	
४. आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरिएको।	१	१	१	१	१	१	१	१	
५. मातहत निकायलाई ढिलोमा साउन १५ भित्रसम्म खर्चको मार्गदर्शन पठाएको र उक्त मार्गदर्शन आफ्नो वेवसाइटमा समेत सार्वजनिक गरेको। (०.५+०.५)	१	०.५	१	१	०.५	०.५	०.५	१	
जम्मा	**५**	**३**	**४**	**३**	**३.५**	**२.५**	**३.५**	**२**	
(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक									
१. अनिवार्य दायित्वका खर्च शीर्षक र बहुवर्षीय सुनिश्चितता भएका आयोजनालाई यथेष्ट बजेट विनियोजन गरेर मात्र नयाँ आयोजना समावेश गर्ने गरेको।	१	१	NA	१	१	१	१	१	
२. विषयगत मन्त्रालय तथा निकायले प्रदेश आवधिक योजनाको आधारमा आयोजना बैंकमा रहेका सम्बन्धित आयोजनालाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने गरेको ।	१	०	NA	०	०	०	०	०	
३. विषयगत मन्त्रालय तथा निकायको लागि विनियोजन भएको तर फागुन मसान्तसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च नहुने बजेट एकीन गरी चैत पन्ध्र गते भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट समर्पण गरेको।	१	०	१	१	०	१	१	१	
जम्मा	**३**	**१**	**१**	**२**	**१**	**२**	**२**	**२**	

(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक									
१. विषयगत मन्त्रालय तथा निकायले वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गर्दा अवण्डा बजेट रकम नराखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको। (अर्थ विविधमा रहने रकमलाई अवण्डाको रुपमा लिइने छैन)	१	१	१	१	०	०	०	१	
२. नीति तथा कार्यक्रममा परेका विषयगत मन्त्रालय तथा निकायसंग सम्बन्धित विषय कार्यान्वयनमा ल्याउन वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन भएको।	१	१	१	१	१	१	१	१	
३. प्रदेश सरकारवाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भइ कार्यान्वयन हुने आयोजनाहरु वास्तविक माग र आवश्यकताको आधारमा मात्र छनोट भएको।	१	१	१	१	१	१	NA	१	
४. विषयगत मन्त्रालय तथा निकायले आयोजना छनोट तथा बजेट तर्जुमा गर्नु पूर्व सरोकारवालासंग पूर्व छलफल तथा अन्तरक्रिया गरेको।	१	१	१	१	१	१	१	१	
५. वार्षिक कार्यक्रम कार्यान्वयन कार्य योजना तयार भएको। (समयावधी उल्लेख गर्नुपर्ने)	१	१	१	१	१	०	०	१	
जम्मा	**५**	**५**	**५**	**५**	**४**	**३**	**२**	**५**	

२ राजश्व संकलन, परिचालन तथा बाँटफाँटः

विवरण	पूर्णाङ्क	प्राप्ताङ्क							कै.
		मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	आर्थिक मामिला तथा योजना मन्त्रालय	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	सामाजिक विकास मन्त्रालय	
(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक									
१. पाँच हजार भन्दा बढी रकमको राजस्व बैक मार्फत मात्र संकलन गर्ने गरेको ।	१	१	NA	१	१	१	१	१	

२. प्रदेश आर्थिक ऐनमा तोकिएका राजस्व दर मन्त्रालय तथा निकायको वेवसाईट सार्वजनिक गरेको ।	१	NA	१	०.५	०	०	०	०	
जम्मा	२	१	१	१.५	१	१	१	१	
(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक									
१. विषयगत मन्त्रालय तथा निकाय र मातहतको कार्यालयवाट गत आ.व. को तुलनामा राजस्व वृद्धि भएको। (बराबर वा कम भए शून्य, पाँच प्रतिशतसम्म भए ०.५ र सो भन्दा बढी भए १ अंक)	१	१	NA	१	०	१	१	१	
२. राजश्व प्रर्णालीलाई विद्युतीय प्रर्णालीमा आवद्ध गरी आम्दानी रसिद विद्युतीय प्रर्णाली (RMIS)वाट जारी गर्ने गरिएको।	१	१	१	१	१	१	१	१	
३. सेवाग्राहीले बुझाउनु पर्ने राजस्व कार्यालयमा भौतिक रुपमा उपस्थित नभई विद्युतीय भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको ।	१	१	१	१	१	१	१	१	
जम्मा	३	३	२	३	२	३	३	३	
(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक									
१. प्राप्त भएको नगद राजश्व सोहीदिन वा भोलीपल्ट बैङ्कमा सोहीदिन वा भोलिपल्ट बैङ्कमा जम्मा हुने गरेको।	१	१	NA	०	१	१	१	१	
२. कानून बमोजिम सेवाग्राहीबाट लिनुपर्ने राजस्व तोकिएभन्दा कम वा बढी रकम नलिएको ।	१	१	NA	१	१	१	१	१	
३. दैनिक रुपमा उठेको राजश्वको सम्बन्धमा दैनिक किताव खडा गरी कार्यालय प्रमुखवाट प्रमाणित गराई राखेको।	१	१	NA	१	१	१	१	१	
जम्मा	३	३	-	२	३	३	३	३	

३. बजेट कार्यान्वयन क्षमताः

विवरण	**पूर्णाङ्क**	**प्राप्ताङ्क**							**कै**
		मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**	**जलस्रोत तथा उर्जा विकास मन्त्रालय**	**भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**	**सामाजिक विकास मन्त्रालय**	
(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक									

१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम मन्त्रालय र मातहतका सबै निकायहरुमा खरिद इकाई गठन भई सो इकाइ खरिद कार्यमा सक्रिय रहेको ।(०.५+०.५)	१	१	०.५	१	१	१	१	१	
२. वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना स्वीकृत भई सोही अनुसार कार्यान्वयन भएको।	१	०	१	१	०.५	०	१	१	
३. बीस हजार भन्दा बढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताबाट मात्र खरिद गर्ने गरेको तथा सो कार्यलाई छल्ने उद्देश्यले बिजक टुक्राउने नगरिएको ।	१	१	१	१	१	१	१	१	
४. कर्मचारीको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गरेको ।	१	०	०	०	०	०	०	०	
जम्मा	४	२	२.५	३	२.५	२	३	३	
(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक									
१. वार्षिक बजेट तथा कार्यक्रमको स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च नगरिएको।	१	१	१	१	१	१	१	१	
२. चौथो त्रैमासिक कूल खर्चको ३० प्रतिशत ननाघ्ने गरी मात्र खर्च भएको ।	१	१	०	१	०	१	०	०	
३. विनियोजित बजेटको कम्तिमा ८० प्रतिशत प्रगति (वित्तीय र भौतिक सहित) भएको ।	१	०	०	०	०	०	०	०	
४. असार महिनामा कुल खर्चको २० प्रतिशत भन्दा कम खर्च भएको तथा आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन पहिले खाता बन्दी गरी सो अवधि पश्चात निकासा नगरिएको ।	१	१	१	०.५	०.५	१	१	०	
५. विषयगत मन्त्रालय तथा निकाय मातहतका सबै कार्यालयको रिक्त स्थायी दरबन्दीहरुमा तोकिएको समयमा पदपूर्तिका लागि प्रदेश लोकशेवा आयोगमा माग आकृति फारम भरी पठाइएको ।	१	१	०	१	१	१	१	१	
जम्मा	५	४	२	३.५	२.५	४	३	२	
(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक									
१. म्याद नाघेको पेश्की फछ्र्यौट गर्न तथा धरौटी सदरस्याहा गर्न बाँकी नभएको। (०.५+०.५)	१	१	१	१	१	१	०	०	
२. नेपाल सरकारबाट प्राप्त सशर्त, विशेष र समपुरक अनुदान जुन प्रयोजनका लागि	१	१	NA	१	१	NA	१	१	

प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च भएको ।									
३. जिन्सी सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट भएको र जिन्सी निरीक्षण गरी समयमा प्रतिवेदन गरिएको। (०.५+०.५)	१	१	१	०.५	१	१	१	१	
४. उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा निर्माण व्यवसायी प्रयोग नगरि खरिद कार्य गरेको ।	१	NA	NA	०	NA	NA	NA	१	
५. विगत आ.व.हरुको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न बाँकी नरहेको।	१	१	१	१	१	१	०	१	
६. आन्तरिक नियन्त्रण समिति गठन भइ क्रियाशील रहेको	१	०	१	०	०	०	०	१	
७. म्याद समाप्त भएका ठेक्काहरुको म्याद थप भएको ।	१	१	NA	१	१	१	NA	१	
८. ठेक्का सम्बन्धी अभिलेख स्पष्ट रुपमा राखिएको ।	१	१	NA	१	१	१	१	१	
जम्मा	८	६	४	५.५	६	५	३	७	

४. लेखाङ्कन लेखापरीक्षण तथा प्रतिवेदनः

विवरण	**पूर्णाङ्क**	**प्राप्ताङ्क**							**कै**
		मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**	**जलस्रोत तथा उर्जा विकास मन्त्रालय**	**भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**	**सामाजिक विकास मन्त्रालय**	
(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक									
१. आर्थिक वर्ष समाप्त भएको पैतिस दिनभित्र विनियोजन, राजस्व, धरौटी, विविध तथा जिन्सी सम्बन्धी वार्षिक आर्थिक विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालयमा पेश गरेको।	१	१	१	१	१	१	१	१	
२. प्रदेश सरकारवाट स्वीकृत निर्देशिका तथा कार्यविधिहरु सम्बन्धित मन्त्रालयले वेबासाइट मार्फत सार्वजनिक गरेको ।	१	१	१	१	१	१	१	१	
जम्मा	२	२	२	२	२	२	२	२	
(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक									
१. जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम, मिनाहा तथा मर्मत गर्नुपर्ने भनी औंल्याइएको मालसामान समयमै कार्य प्रक्रिया थालनी गरेको ।	१	०	०	०.५	०.५	०	०	१	

२. पुँजीगत खर्च तर्फका शीर्षकमा विजियोजन भएको रकम चालु तर्फका शीर्षकमा रकमान्तर नगरिएको ।	१	१	१	१	१	१	१	१	
जम्मा	२	१	१	१.५	१.५	१	१	२	
(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक									
१. अन्तर-सरकारी वित्त व्यवस्थापन, २०७४ को दफा ३० को उपदफा ३ बमोजिम (१) गत आ.व. भन्दा अघिल्लो आ.व.को आय व्ययको बजेट कार्यान्वयनको बारेमा चालु आ.व. कार्तिक मसान्तभित्र वार्षिक प्रगति समीक्षा गरी प्रतिवेदनलाई वेबसाइट मार्माफ सार्वजनिक गरिएको।	१	१	०	१	१	०.५	०.५	१	
२. रकमान्तर गर्दा प्रचलित कानूनले तोकेको सीमाभन्दा बाहिर गएर रकमान्तर नगरिएको ।	१	१	१	१	१	१	१	१	
३. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र ६ बमोजिम सूचना अधिकारीको व्यवस्था बमोजिम आफ्नो निकायसम्बन्धी सूचना प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गरेको ।	१	१	१	०	१	०	१	०	
४. विषयगत मन्त्रालयगत तथा निकाय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र सम्पत्तिको विवरण बुझाएको । (नयाँ नियुक्त हुने कर्मचारीको हकमा नियुक्ती मितिले साठी दिन भित्र)	१	१	१	१	१	१	१	१	
५.प्रदेश तहमा निर्वाचित तथा मनोनित लाभको पद धारण गरेका पदाधिकारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र सम्पत्ति विवरण सम्वन्धित निकायमा पठाएको।(नयाँ नियुक्त हुने पदाधिकारीको हकमा नियुक्ती मितिले साठी दिन भित्र)	१	१	१	१	१	१	१	१	
६. सरकारी सवारी साधानहरु प्रयोग गरिएको र इन्धन खर्चको विवरण अद्यावधिक राखिएको।	१	१	१	१	१	१	१	१	
७. सरकारी सम्पत्तिको अधिकार प्राप्त अधिकारिको स्वीकृतिमा मात्र प्रयोग हुने गरेको र यस्तो अभिलेख विवरण अद्यावधिक राख्ने गरेको ।	१	१	१	१	१	१	१	१	
जम्मा	७	७	६	६	७	५.५	६.५	६	

५. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः

विवरण	पूर्णाङ्क	प्राप्ताङ्क							कै.
		मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	आर्थिक मामिला तथा योजना मन्त्रालय	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	सामाजिक विकास मन्त्रालय	
क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सूचक									
१. विषयगत मन्त्रालय तथा निकायले मातहतका कार्यालयहरु समेतको बजेट तथा कर्यक्रम कार्यान्वयनको त्रैमासिक र वार्षिक प्रगति समीक्षा गरिएको	१	१	०	१	१	०.५	१	१	
२. आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु अगावै फस्यौंट गरिएको ।	१	१	१	१	१	१	०.५	१	
३. कार्यालय परिसर भित्र सबैले देख्ने स्थानमा अद्यावधिक नागरिक बडापत्र राखिएको ।	१	१	१	१	१	१	१	०	
४. महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका विषयहरुको प्रतिक्रिया ३५ दिन भित्र महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको ।	१	१	०	१	१	०.५	१	१	
५. प्रदेश लेखा नियन्त्रक कार्यालयको बेरुजु व्यवस्थापन सूचना प्रर्णालीमा बेरुजुको लगत प्रविष्टि गरिएको ।	१	०	०	१	०.५	०	१	१	
६. आयोजना अनुगमनमा खटिने कर्मचारीले अनुगमन पश्चात अनुगमनको उद्देश्य, उपलब्धि, समस्या र सुझाब सहितको प्रतिवेदन पेश गर्ने गरेको ।	१	०.५	१	१	०.५	०.५	१	१	
जम्मा	६	४.५	३	६	५	३.५	५.५	५	
(ख) नतिजा व्यवस्थापन सम्बन्धी सूचक									
१. गत आर्थिक वर्षसम्मको कुल बेरुजु कम्तिमा ५० प्रतिशत बेरुजु सम्परीक्षण गरिएको ।	१	०	१	१	०	१	०	०	
२. कार्यालयवाट सम्पादन भएको काम कारबाहीको विषयमा सर्वसाधारणले जानकारी सुचना अधिकारी मार्फत सुचना दिने गरिएको ।	१	१	१	१	१	१	१	१	
३. कार्यालयको सेवा प्रवाहको सम्बन्धमा वर्षको कम्तीमा एकपटक मात्र सार्वजनिक सुनुवाई गर्ने गरिएको ।	१	०	०	०	०	०	०	०	

विवरण	पूर्णाङ्क	प्राप्ताङ्क							कै.
		मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	आर्थिक मामिला तथा योजना मन्त्रालय	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	जलस्रोत तथा उर्जा विकास मन्त्रालय	भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	सामाजिक विकास मन्त्रालय	
४. विषयगत मन्त्रालय तथा निकाय र मातहतका कार्यालयवाट हुने गरेको काम कारबाहीको विषयलाई अनुगमन गर्न वार्षिक अनुगमन कार्ययोजना तयार गरी कार्ययोजना बमोजिम अनुगमन हुने गरेको।	१	०.५	०	०	०	०	०	०	
जम्मा	४	**१.५**	२	२	१	२	१	१	
(ग) वित्तीय अनुशासन जोखिम सम्बन्धी सूचक									
१. आर्थिक कारोबारको लेखा परीक्षण प्रतिवेदनमा बेरुजुको अंक गत आ.व. को तुलनामा दुई प्रतिशत भन्दा कम रहेको।	१	०	१	१	१	१	०	१	
२. आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य सम्पादन, वित्तीय प्रर्णाली व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रर्णाली लागु गरिएको ।	१	०	०	०	१	०	०	१	
जम्मा	२	०	१	१	२	१	०	२	
कुल पूर्णाङ्क	६१								
यस मन्त्रालयसंग सम्बन्धित नभएका		३	११	१	२	३	३	१	
यस मन्त्रालयको लागि जम्मा पुर्णाङ्क		५८	५०	६०	५९	५८	५८	६०	
कुल प्राप्ताङ्क		४४	३६.५	४७	४४	४०.५	३९.५	४६	
प्राप्त प्रतिशत		७२.१३	७३	७८.३३	७४.५	६९.८	६८.१	७६.६६	
नतिजाको Ranking		५	४	१	३	६	७	२	

उल्लेखित मूल्याङ्कनको आधारमा प्रदेशका सबै मन्त्रालयको वित्तीय जोखिमको अवस्था न्यून जोखिम रहेको पाईयो । यसरी मूल्याङ्कनबाट प्राप्त नतिजा विश्लेषण गर्दा सबैभन्दा बढी अङ्क भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयको र सबैभन्दा न्यून अङ्क उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयको रहेको पाईयो।

कार्यविधिको दफा ७(१) बमोजिम अनुसूची-४ मा कर्णाली प्रदेश सरकारको एकीकृत वित्तीय जोखिमको एकीकृत मूल्याङ्कन गर्दा प्राप्त नतिजामा देहाय अनुसार रहेको छ।

प्रदेशको वित्तीय जोखिमको एकीकृत लेखाजोखा मूल्याङ्कनका सूचकहरू र अङ्क गणना

१. आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन

सूचक	नतिजाका आधार				नतिजा	प्राप्ताङ्क
	कमजोर (०)	सामान्य (१)	उत्तम (२)	प्रमाणीकरणको आधार र स्रोत		
१. आर्थिक कार्यविधि कानून तर्जुमा	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा नभएको।	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा भएको। (आधार १)	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा गरी यसलाई कार्यान्वयनमा ल्याइएको। (आधार १)	१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको राजपत्र,	उत्तम	२
२. आवधिक योजना	आवधिक योजना निर्माण नभएको।	आवधिक योजना निर्माण भई यसको आधारमा परियोजना बैङ्कमा आयोजना प्रविष्टि गरिएको। (आधार १,२)	आवधिक योजनाका आधारमा निर्माण गरिएको परियोजना बैङ्कलाई वार्षिक योजनामार्फत कार्यान्वयनमा ल्याइएको। (आधार १,२,३)	१. आवधिक योजना २. परियोजना बैङ्क ३. वार्षिक विकास कार्यक्रम	उत्तम	२
३.मध्यमकालीन खर्च संरचना	मध्यमकालीन खर्च संरचना निर्माण नभएको।	मध्यमकालीन खर्च संरचना तयार गर्दा आवधिक योजनामा आधारित रहेको। (आधार १,२)	आवधिक योजनामा आधारित मध्यमकालीन खर्च संरचनालाई बार्षिक बजेट मार्फत कार्यान्वयनमा ल्याइएको। (आधार १,२,३ र ४)	१.आवधिक योजनाका दस्तावेज २.मध्यमकालीन खर्च संरचना ३.सभामा पेस भएको वार्षिक विकास कार्यक्रम	सामान्य	१
४.वार्षिक नीति तथा कार्यक्रम तर्जुमा	बार्षिक बजेट सभामा पेस हुनु पूर्व नीति तथा कार्यक्रम पारित नभएको	बार्षिक बजेट सभामा पेस हुनु पूर्व नीति तथा कार्यक्रम पारित भएको (आधार १)	आवधिक योजना, मध्यमकालीन खर्च संरचनाको आधारमा वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको (आधार १,२)	१.आवधिक योजना र मध्यमकालीन खर्च संरचना २.प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम	उत्तम	२
५.वार्षिक बजेट तर्जुमा र विनियोजन	असार १ गतेसम्म वार्षिक बजेट सभामा पेस नभएको	असार १ गतेसम्म वार्षिक बजेट तयार गरी सभामा पेस भएको।	• बजेट तर्जुमा मार्गदर्शनको परिपालना भएको। • अघिल्लो आ.व.को तुलनामा चालु खर्चमा विनियोजन गरिएको रकमको अनुपातको तुलनामा पूँजीगत खर्च तर्फको अनुपात वृद्धि भएको। • गत आ.व. को तुलनामा अवण्डा बजेट कम प्रस्ताव गरिएको।	१.बजेट वक्तव्य २.व्यय अनुमान ३.वार्षिक विकास कार्यक्रम	उत्तम	२
६.वित्तीय हस्तान्तरण सम्बन्धी कानून	वित्तीय हस्तान्तरण सम्बन्धी कानून तर्जुमा नगरेको।	वित्तीय हस्तान्तरण सम्बन्धी कानून तर्जुमा गरेको। (आधार १)	ऐनमा व्यवस्था भएबमोजिम विषयगत अनुदानको कार्यविधि वा मापदण्ड तर्जुमा गरी	१.राजपत्रमा प्रकाशित ऐन २.विषयगत कार्यविधि वा मापदण्ड	उत्तम	२

			अनुदान हस्तान्तरण गर्दा सूचना प्रविधिको प्रयोग भएको। (आधार १,२ र ३)	३.विद्युतीय प्रणाली		
७.वित्तीय समानीकरण अनुदान	प्रदेशबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको सीमा **चैत्र मसान्तभित्र** निर्धारण नगरेको।	प्रदेशबाट स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको सीमा **चैत्र मसान्तभित्र** निर्धारण गरेको। (आधार १)	वित्त आयोगको सिफारिस मुताविक नै सबै स्थानीय तहमा **चैत्र मसान्तभित्र** वित्तीय समानीकरण अनुदानको सीमा निर्धारण गरी सोको जानकारी स्थानीय तहमा पठाईएको। (आधार १ र २)	१.वित्तीय समानीकरण अनुदानको सीमा निर्धारण भएको। २. वित्त आयोगबाट भएको सिफारिस अनुसार चैत्र मसान्त भित्र सबै स्थानीय तहलाई सीमा निर्धारणको जानकारी पठाएको पत्र।	सामान्य	१
८. ससर्त, विशेष र समपुरक अनुदान सम्बन्धी कार्यविधि, निर्देशिका र मापदण्ड	प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त, विशेष र समपुरक अनुदान वितरण सम्बन्धी कार्यविधी, निर्देशिका, मापदण्ड तर्जुमा नभएको।	प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त विशेष र समपुरक अनुदान वितरण सम्बन्धी कार्यविधी, निर्देशिका, मापदण्ड तर्जुमा भएको। (आधार १)	प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त विशेष र समपुरक अनुदान सम्बन्धी कार्यविधी तर्जुमा गरी विद्युतीय प्रणाली मार्फत अनुदान हस्तान्तरण हुने गरेको। (आधार १,२ र ३)	१.ससर्त, विशेष र समपुरक अनुदान सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड, २. सूचना प्रणालीको विकास, ३.अनुदान कार्यान्वयन मार्गदर्शन,	उत्तम	२
९. विशेष अनुदान	गत आ.व.मा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको।	गत आ.व.मा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशत भन्दा बढी ७५ प्रतिशतभन्दा कम खर्च भएको। (आधार १)	गत आ.व. मा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ७५ प्रतिशत भन्दा माथि खर्च भएको। (आधार १ र २)	१.वार्षिक प्रगति समीक्षा प्रतिवेदन २.वार्षिक आर्थिक विवरण	सामान्य	१
१०.समपूरक अनुदान	गत आ.व.मा नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको।	गत आ.व.मा नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशत भन्दा बढी ७५ प्रतिशतभन्दा कम खर्च भएको। (आधार १)	गत आ.व. मा नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानको रकम ७५ प्रतिशत भन्दा माथि खर्च भएको। (आधार १ र २)	१.वार्षिक प्रगति समीक्षा प्रतिवेदन २.वार्षिक आर्थिक विवरण	कमजोर	०
११.ससर्त अनुदान	गत आ.व.मा नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको।	गत आ.व.मा नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानको रकम ५० प्रतिशत भन्दा बढी ७५ प्रतिशतभन्दा कम खर्च भएको।	गत आ.व. मा नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानको रकम तोकिएको क्षेत्रमा सर्त बमोजिम ७५ प्रतिशत भन्दा माथि खर्च भएको। (आधार १ र २)	१.वार्षिक प्रगति समीक्षा प्रतिवेदन २.वार्षिक आर्थिक विवरण	सामान्य	१

१२. समपुरक, विशेष र ससर्त अनुदान तर्फको बचत रकम फिर्ता/दाखिला	नेपाल सरकारबाट प्रदेश सरकारलाई र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको रकम मध्ये खर्च नभई बाँकि रहेको रकम तत् तत् तहको सञ्चित कोषमा दाखिला नभएको।	नेपाल सरकारबाट प्रदेश सरकारलाई र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको रकम मध्ये खर्च नभई बाँकि रहेको रकम तत् तत् तहको सञ्चित कोषमा आ.व. समाप्त भएको एक महिना भित्र दाखिला भएको। (आधार १,२ र ३)	नेपाल सरकारबाट प्रदेश सरकारलाई र प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण भएको रकम मध्ये खर्च नभई बाँकि रहेको रकम तत् तत् तहको सञ्चित कोषमा सोही आर्थिक वर्षभित्र दाखिला भएको। (आधार १,२ र ३)	१.बैङ्क दाखिला भौचर २.RMIS Report /Bank Statement ३.वार्षिक आर्थिक विवरण	सामान्य प्रदेशमा बचत रहेको सबै रकम संघीय सञ्चित कोषमा दाखिला भएको	१

२. राजस्व सङ्कलन, परिचालन तथा बाँडफाँट

सूचक	नतिजा				नतिजा	प्राप्ताङ्क
	कमजोर (०)	सामान्य(१)	उत्तम(२)	प्रमाणीकरणको आधार र स्रोत		
१.राजस्व सङ्कलन	प्रदेशको आन्तरिक आय गत आ.व.मा भन्दा नबढेको	प्रदेशको आन्तरिक आय गत आवमा भन्दा पाँच प्रतिशतभन्दा कमले बढेको (आधार १)	प्रदेशको आन्तरिक आय गत आ.व.मा भन्दा पाँच प्रतिशतभन्दा बढीले बढेको (आधार १)	१.प्रदेश सरकारको वार्षिक आर्थिक विवरण	सामान्य	१
२.राजस्व बाँडफाँटको रकम	सवारी साधनको करबाट सङ्कलित रकम स्थानीय तहलाई वितरण नगरेको। स्थानीय तहबाट प्राप्त गर्नुपर्ने मनोरञ्जन कर, विज्ञापन कर, घर जग्गा दर्ता करबाट पाउनुपर्ने रकम प्राप्त नगरेको।	सवारी साधनको स्थानीय तहको हिस्सा स्थानीय तहलाई उपलब्ध गराइएको (आधार १)	सवारी साधन करको स्थानीय तहको हिस्सा उपलब्ध गराईएको र स्थानीय तहबाट प्राप्तगर्नुपर्ने साझा अधिकारको करको हिस्सा प्रदेशले प्राप्त गरेको। (आधार १ र २)	१.प्रदेश सरकारबाट स्थानीय तहलाई सवारी साधन कर स्थानीय तहमा बाँडफाँट भएको प्रतिवेदन। २.स्थानीय तहबाट सङ्कलन गरेको कर/शुल्क/दस्तुर प्रदेश सरकारलाई बाँडफाँट गरेको प्रतिवेदन।	सामान्य	१
३.राजस्व बाँडफाँटको रकमको विकासमा उपयोग	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट	१.बजेट पुस्तिका २.प्रदेश सरकारको वार्षिक समीक्षा प्रतिवेदन र वार्षिक आर्थिक विवरण	सामान्य	१

	रकम प्रशासनिक खर्चमा मात्र उपयोग गरेको	रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको (आधार १)	प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको र यस्तो रकमको हिस्सा गत आवमा भन्दा चालु आवमा बढी रहेको (आधार २)			

३. बजेट कार्यान्वयन क्षमता

सूचक	नतिजा				नतिजा	प्राप्ताङ्क
	कमजोर (०)	सामान्य (१)	उत्तम (२)	प्रमाणीकरणको आधार र स्रोत		
१.खर्च मापदण्ड	प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार नभएको।	प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार भएको। (आधार १)	खर्च मापदण्ड कार्यान्वयनमा आएको। (आधार १,२)	१.खर्च मापदण्डको प्रदेश राजपत्र	उत्तम	२
२.बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन	कानूनले तोकेको अवधि भित्र मार्गदर्शन तयार गरी विषयगत मन्त्रालय तथा निकायमा परिपत्र नगरेको।	कानूनले तोकेको अवधि भित्र मार्गदर्शन तयार गरी विषयगत मन्त्रालय तथा निकायमा परिपत्र गरी वेवसाइटमा समेत प्रकाशन गरेको।(आधार १)	विषयगत मन्त्रालय/निकायबाट समेत मातहतका कार्यालयलाई समेत परिपत्र गरेको (आधार १ र २)	१.बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २.विषयगत मन्त्रालयबाट मातहतका निकायलाई गरिएको परिपत्र	उत्तम	२
३.वार्षिक खरिद योजना वा खरिद गुरूयोजना	विषयगत मन्त्रालय तथा निकायहरूले वार्षिक खरिद योजना वा खरिद गुरूयोजना स्वीकृत नगरेको।	विषयगत मन्त्रालय तथा निकायहरूले वार्षिक खरिद योजना वा खरिद गुरूयोजना स्वीकृत गरेको। (आधार १)	स्वीकृत वार्षिक खरिद योजना वा खरिद गुरूयोजना बमोजिम खरिद कार्य भई वस्तु वा सेवा प्राप्त हुने गरेको। (आधार १,२)	१.स्वीकृत वार्षिक खरिद योजना तथा गुरूयोजना २.वार्षिक खरिदको अवस्था	सामान्य	१
४.वित्तीय प्रगति	प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ५० प्रतिशत सम्म रहेको	प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ७० प्रतिशतसम्म रहेको (आधार १)	प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ७० प्रतिशतभन्दा बढी रहेको (आधार १)	१.वार्षिक मूल्याङ्कन प्रतिवेदन	सामान्य	१

४.लेखाङ्कन लेखापरीक्षण र प्रतिवेदन

सूचक	नतिजा				नतिजा	प्राप्ताङ्क
	कमजोर (०)	सामान्य (१)	उत्तम (२)	प्रमाणीकरणको आधार र स्रोत		
१.प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणालीको प्रयोग	प्रदेश सरकारका प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली लाई प्रयोगमा नल्याएको।	प्रदेश सरकारको सबै निकायले प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली प्रयोगमा ल्याएको (आधार १)	प्रदेश सरकारको बजेट प्रादेशिक मन्त्रालय बजेट सूचना प्रणाली मार्फत प्रविष्ट भएको र खर्चको लागि एकिकृत सरकारी लेखा प्रणाली प्रयोगमा ल्याएको (आधार १)	१.प्रदेश सरकारको वार्षिक प्रगती प्रतिवेदन	उत्तम	२
२.आय व्ययको प्रक्षेपण	प्रचलित कानून बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण नगरेको।	प्रचलित कानून बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी आफ्नो वेबसाइटमा राखेको (आधार १)	प्रचलित कानून बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण चालु आर्थिक वर्षको पौष मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरेको र यसलाई आफ्नो वेबसाइटमा समेत राखेको (आधार १-२)	१.आय व्ययको प्रक्षेपण २.अर्थ मन्त्रालयमा पठाइएको प्रमाण	सामान्य (आयव्यय प्रक्षेपण गरिएको वेवसाईट मा नराखेको)	१
३.वार्षिक प्रगति समीक्षा	प्रचलित कानून बमोजिम आय-व्यय र बजेट कार्यान्वयनको बारेमा गत आ.व.को कार्तिक मसान्तसम्म वार्षिक समीक्षा नगरेको	प्रचलित कानून बमोजिम गत आ.व.को कार्तिक मसान्तसम्म वार्षिक समीक्षा गरेको (आधार १)	प्रचलित कानून बमोजिम गत आ.व.मा वार्षिक समीक्षा गरी कार्तिक मसान्तभित्रमा वार्षिक प्रगति समीक्षा प्रतिवेदनलाई वेबसाइटबाट सार्वजनिक गरिएको (आधार १,२)	१.वार्षिक प्रगति समीक्षा प्रतिवेदन २.वेबसाइटको प्रमाण	उत्तम	२
४.चौमासिक प्रगति समीक्षा	प्रचलित कानून बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालयसमक्ष पेस नगरेको	प्रचलित कानून बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेस गरेको (आधार १)	प्रचलित कानून बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेस गरी आफ्नो वेबसाइटबाट समेत यसलाई सार्वजनिक गरेको (आधार १,२)	१.चौमासिक प्रगति प्रतिवेदन २. प्रतिवेदन पेश गरेको पत्र ३.वेबसाइटको प्रमाण	कमजोर	०

५.सञ्चित कोष प्रतिवेदन	प्रदेश सञ्चित कोषको आय-व्ययको चौमासिक विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको ३० दिनभित्र संघीय अर्थ मन्त्रालयमा पेस नगरेको।	प्रदेश सञ्चित कोषको आय-व्ययको चौमासिक विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको ३० दिनभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरेको। (आधार १)	अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ३२ प्रदेश सञ्चित कोषको आय-व्ययको चौमासिक विवरण (१) महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी (२) चौमासिक अवधि सकिएको ३० दिनभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरेको र यसलाई वेवसाइटमा समेत सार्वजनिक गरेको। (आधार १,२)	१.सञ्चित कोषको विवरण पठाएको प्रमाण, २.वेबसाइटमा रहेको सञ्चित कोषको प्रतिवेदन	कमजोर	०
६.बेरूजु	महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल नभएको।	महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल भएको। (आधार १)	महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजुका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल भई प्राप्त सुझाव कार्यान्वयनमा आएको। (आधार १,२)	१.लेखा समितिको प्रतिवेदन। २.प्रतिवेदनबाट दिइएका सुझाव कम्तीमा पचास प्रतिशत कार्यान्वयन गरेको प्रमाण।	सामान्य	१
७.सम्पत्तिको अभिलेख	प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार नभएको।	प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अध्यावधिक एकीकृत विवरण तयार भएको। (आधार १)	प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार गरी वेबसाइटमा समेत सार्वजनिक गरिएको। (आधार १,२)	१.एकीकृत सम्पत्ति विवरणको प्रतिवेदन २.प्रदेशको वार्षिक आर्थिक विवरण ३. वेवसाइट	कमजोर	०

५.अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

सूचक	नतिजा				नतिजा	प्राप्ताङ्क
	कमजोर (०)	सामान्य(१)	उत्तम(२)	प्रमाणीकरणको आधार र स्रोत		
१.अनुगमन तथा सुपरिवेक्षण योजना	मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार नगरेको।	मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरेको (आधार १)	मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरी कार्यान्वयनमा ल्याएको (आधार १,२)	१.अनुगमन तथा सुपरिवेक्षण योजना २. अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन	कमजोर	०

२.बेरुजु	प्रदेशको समष्टिगत बेरुजु कुल आर्थिक कारोबारको २ प्रतिशतभन्दा बढी रहेको	प्रदेशको समष्टिगत बेरुजू कुल आर्थिक कारोबारको २ प्रतिशत भन्दा कम रहेको (आधार १)	प्रदेशको समष्टिगत बेरुजू कूल आर्थिक कारोबारको २ प्रतिशत भन्दा कम रहेको र सरकारी बाँकि सरह असुल गर्नुपर्ने बेरुजु शून्य रहेको (आधार १)	१.महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन	सामान्य (१.२२% रहेको)	१
३.आचार संहिता	प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको आचार संहिता तयार नगरेको।	प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको आचार संहिता तयार गरेको (आधार १)	प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको आचार संहिता तयार गर्नका साथै आचार संहितामा वित्तीय आचार संहिताका विषय समेत समावेश भई कार्यान्वयनमा ल्याइएको। (आधार १)	१.आचार संहिताको दस्तावेज	कमजोर	०
जम्मा प्राप्ताङ्क						**३३**
प्राप्त प्रतिशत						**५६.८९**

<u>प्रदेशको वित्तीय जोखिम एकीकृत लेखाजोखा मूल्याङ्कन</u>

सूचकहरु	**सूचक संख्या**	**अङ्कभार**	**अङ्कभार**			**जम्मा प्राप्ताङ्क (सूचकX अङ्कभार)**
			कमजोर सूचक (०)	**सामान्य सूचक (१)**	**उत्तम सूचक (२)**	
सूचक क्षेत्र १: आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन	१२	२४	१	५	६	१७
सूचक क्षेत्र २: राजश्व सङ्कलन परिचालन तथा बाँडफाँट	३	६	०	३	०	३
सूचक क्षेत्र ३: बजेट कार्यान्वयन क्षमता	४	८	०	२	२	६
सूचक क्षेत्र ४: लेखाङ्कन लेखापरीक्षण र प्रतिवेदन	७	१४	३	२	२	६
सूचक क्षेत्र ५: अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन	३	६	२	१	०	१
कुल जम्मा	**२९**	**५८**	**६**	**१३**	**१०**	**३३**

उल्लेखित मुल्याङ्कनको आधारमा समग्र प्रदेशको वित्तीय जोखिमको ***अवस्था मध्यम जोखिम*** रहेको पाईयो ।

१२. **<u>वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा प्रक्रिया:</u>** कार्ययोजना तर्जुमाको लागि वित्तीय जोखिम मूल्याङ्कन गरी प्राप्त नतिजालाई देहायबमोजिमको आधारमा वर्णीकरण गरी सोही बमोजिम कार्ययोजना तर्जुमा गरिएको छ।

सूचकगत रुपमा प्रदेशको वित्तीय जोखिम मूल्याङ्कन अवस्था वर्गीकरणः

सूचकहरु	प्राप्ताङ्क प्रतिशत	मूल्याङ्कन
१.आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन	७०.८	न्यून जोखिम
२. राजस्व संकलन परिचालन तथा बाँडफाँट	५०	मध्य जोखिम
३. बजेट कार्यान्वयन क्षमता	७५	न्यून जोखिम
४. लेखाङ्कन, लेखापरीक्षण र प्रतिवेदन	४२.८	मध्य जोखिम
५. अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन	१६.६	उच्च जोखिम

प्रदेशको समग्र वित्तीय सुशासन जोखिम मूल्याङ्कनमा सूचकको आधारमा प्राप्त अङ्कलाई प्रतिशतमा रुपान्तरण गर्दा २ वटा सूचक न्यून जोखिम, २ वटा सूचक मध्य जोखिम र १ वटा सूचक उच्च जोखिममा रहेको देखिन्छ। सोही आधारमा समग्र प्रदेशको वित्तीय सुशासन जोखिम न्यूनिकरणको लागि देहाय अनुसारको कार्ययोजना तर्जुमा गरिएको छ।

१३. वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना कार्यान्वयन तथा अनुगमन योजना:

१.आयोजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन

अपेक्षित नतिजा १: योजना, बजेट तथा कार्यक्रम प्रभावकारी भएको हुने							
अपेक्षित परिणाम	**संकेत नम्बर**	**पहिचान भएका सम्भावित जोखिमहरु**	**जोखिमको बर्गीकरण**	**जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय**	**समय सीमा**	**माइलस्टोन/मापनको आधार र स्रोतहरु**	**जिम्मेवार व्यक्ति/निकाय**
१.१ योजना प्रक्रियामा सुदृढीकरण	१.१.१.	आवधिक योजनामा मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट बिच तालमेल नहुने	न्यून जोखिम	आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच तालमेल गर्ने	मध्यकालिन खर्च संरचना तथा वार्षिक बजेट तर्जुमाको समयमा	प्रदेश तथा मन्त्रालयगत मध्यमकालीन खर्च संरचना समयमै तयार भएको तथा वार्षिक बजेट तर्जुमा गर्दा मध्यकालिन खर्च संरचना लाई आधारको रुमपा लिइएको।	विषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालय
	१.१.२.	वित्तीय समानीकरण अनुदानको सीमा समयमै स्थानीय तहलाई प्रदान नहुने	न्यून जोखिम	वित्त आयोगको सिफारिस मुताविक नै सबै स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको सीमा निर्धारण गरी सोको जानकारी स्थानीय तहमा पठाउने	चैत्र मसान्तभित्र	१.वित्तीय समानीकरण अनुदानको सीमा निर्धारण भएको। २. वित्त आयोगबाट भएको सिफारिस अनुसार चैत्र मसान्त भित्र सबै स्थानीय तहलाई सीमा निर्धारणको जानकारी पठाएको पत्र।	आर्थिक मामिला तथा योजना मन्त्रालय
१.२ अवण्डा बजेट प्रविष्टी तथा रकमान्तरमा सुधार	१.२.१	अधिक अवण्डा बजेट प्रस्ताव गर्ने परिपाटी हुने	न्यून जोखिम	अवण्डा बजेट प्रविष्टी अन्त्यको लागि पूर्वानुमान गर्न सकिने क्रियाकलाप बजेट प्रस्ताव गर्दाका बखत नै प्रविष्टी गर्ने	वार्षिक बजेट तर्जुमाको समयमा	अवण्डा बजेट प्रविष्टि नहुने RED BOOK	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय

	१.२.२	आ.व.को शुरुमै अनिवार्य दायित्वमा रकमान्तर प्रस्ताव गर्ने	न्यून जोखिम	अनिवार्य दायित्वमा पर्याप्त बजेट प्रविष्टी गरेर मात्र नयाँ Activity Entry गर्ने	वार्षिक बजेट तर्जुमाको समयमा	रकमान्तर प्रतिवेदन	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय

२. राजश्व सङ्कलन परिचालन तथा बाँडफाँट

अपेक्षित नतिजा २ : राजश्व सङ्कलन परिचालन र बाँडफाँटमा सुधार भएको हुने

अपेक्षित परिणाम	संकेत नम्बर	पहिचान भएका सम्भावित जोखिमहरु	जोखिमको बर्गीकरण	जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय	समय सीमा	माइलस्टोन/मापनको आधार र स्रोतहरु	जिम्मेवार व्यक्ति/निकाय
२.१ प्रदेशको आन्तरिक राजश्वको सङ्कलन वृद्धि हुने	२.१.१.	संकलित राजश्व बाँडफाँट नहुने र सबै क्षेत्रबाट राजश्व सङ्कलन हुन नसक्ने	मध्य जोखिम	राजश्व सङ्कलनको कार्ययोजना र अनुगमन प्रणालीलाई संस्थागत गर्ने	आर्थिक वर्षभरी	विगत आ.व.को तुलनामा प्रदेशको आन्तरिक आम्दानी वृद्धि भएको हुने	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
	२.१.२	लक्ष्य अनुसारको राजस्व सङ्कलन हुन नसक्ने	मध्य जोखिम	सबै निकायको सक्रियतामा लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्ने	आर्थिक वर्षभरी	वार्षिक प्रगति प्रतिवेदन	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
२.२. स्थानीय तहबाट प्राप्त हुने राजस्व समयमै प्राप्त हुने	२.२.१	बाँडफाँट हुने सबै राजस्व प्राप्त नहुने	मध्य जोखिम	स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने	आर्थिक वर्षभरी	RMIS प्रतिवेदन	विषयगत मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय तह
	२.२.२.	विभाज्य कोषमा दाखिला हुनुपर्ने राजस्व स्थानीय सञ्चित कोषमा दाखिला हुने	मध्य जोखिम	स्थानीय तहका कर्मचारीको क्षमता अभिवृद्धि गरी समन्वयन समेत गर्ने	आर्थिक वर्षभरी	RMIS प्रतिवेदन	विषयगत मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय तह

३. बजेट कार्यान्वयन क्षमता

अपेक्षित नतिजा ३ : बजेट कार्यान्वयन क्षमता बढोत्तरी भएको हुने।

अपेक्षित परिणाम	संकेत नम्बर	पहिचान भएका सम्भावित जोखिमहरु	जोखिमको बर्गीकरण	जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय	समय सीमा	माइलस्टोन/मापनको आधार र स्रोतहरु	जिम्मेवार व्यक्ति/निकाय

३.१ प्रदेश अन्तर्गतका निकायहरुमा समयमा नै बजेट निकासा हुने सुनिश्चितता	३.१.१.	सम्बन्धित कार्यालयमा बजेट अख्तियारी प्रदान गर्न ढिलाई हुने	न्यून जोखिम	प्रदेश मन्त्रालय बजेट सूचना प्रणाली बाट स्वतः बजेटको अख्तियारी तथा निकासा हुने व्यवस्था मिलाउने।	आर्थिक कार्यविधि कानून अनुसार	बजेट तयार तथा कार्यावन्यनमा विषयगत मन्त्रालय बजेट सूचना प्रणाली पूर्ण प्रयोग गरिएको	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
	३.१.२	अवण्डा राखिएको बजेट बाँडफाँटमा ढिलाई हुने	न्यून जोखिम	विनियोजन ऐनमा तोकिएको अवधिभित्र नै बाँडफाँट गरिसक्नुपर्ने।	विनियोजन ऐन अनुसार	अवण्डा बजेट बाँडफाँट भएको हुने PLMBIS प्रतिवेदन	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
३.२. अन्तरमन्त्रालय तथा निकायगत समन्वय	३.२.१	अन्तरमन्त्रालयगत समन्वयको अभाव हुने	न्यून जोखिम	बजेट कार्यान्वयनका सम्बन्धमा विषयगत मन्त्रालय तथा MOEAP सँगको समन्वय वढोत्तरी गर्ने।	आर्थिक वर्ष भरी	बजेटको खर्च प्रतिशत वृद्धि भएको हुने	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
	३.२.२.	संघ तथा स्थानीय तहसँगको समन्वय अभाव हुने	न्यून जोखिम	समपूरक, विशेष तथा ससर्त अनुदानका आयोजना कार्यान्वयको लागि समन्वय गर्ने	आर्थिक वर्ष भरी	बजेटको खर्च प्रतिशत वृद्धि भएको हुने	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय

अपेक्षित नतिजा ३ : बजेट कार्यान्वयन क्षमता बढोत्तरी भएको हुने।

अपेक्षित परिणाम	**संकेत नम्बर**	**पहिचान भएका सम्भावित जोखिमहरु**	**जोखिमको बर्गीकरण**	**जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय**	**समय सीमा**	**माइलस्टोन/मापनको आधार र स्रोतहरु**	**जिम्मेवार व्यक्ति/निकाय**
३.३ कर्मचारी पदपुर्ति तथा स्थायित्व	३.३.१.	प्राविधिक मन्त्रालयका प्रदेश सचिव ज्यूको अवधि नपुग्दै सरुवा हुने	न्यून जोखिम	संघीय सरकारबाट प्रदेशमा खटिने प्रदेश सचिवको न्यूनतम अवधि पुरा भएपश्चातमात्र सरुवा गर्नुपर्ने	ऐन निमायवलीमा भएको व्यवस्था अनुरुप	बजेट तयार तथा कार्यावन्यनमा विषयगत मन्त्रालय बजेट सूचना प्रणाली पूर्ण प्रयोग गरिएको	नेपाल सरकार, विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
	३.३.२	दरबन्दी अनुसारको पदमा कर्मचारी पदपुर्ति हुन नसक्नु, प्रदेशमा कर्मचारीको आकर्षण कमी हुने	न्यून जोखिम	दरवन्दी अनुसारको रिक्त पदमा यथासिघ्र पदपुर्ति गरी कर्मचारी उत्प्रेरणामा जोड दिनुपर्ने	ऐन निमायवलीमा भएको व्यवस्था अनुरुप	अवण्डा बजेट बाँडफाँट भएको हुने PLMBIS प्रतिवेदन	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय

४.लेखाङ्कन, लेखापरिक्षण तथा प्रतिवेदन

अपेक्षित नतिजा ४ : सुदृढ लेखापालन, प्रतिवेदन तथा लेखा प्रणाली लागू भएको हुने

अपेक्षित परिणाम	संकेत नम्बर	पहिचान भएका सम्भावित जोखिमहरु	जोखिमको बर्गीकरण	जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय	समय सीमा	माइलस्टोन/मापनको आधार र स्रोतहरु	जिम्मेवार व्यक्ति/निकाय
४.१ लेखा प्रणालीमा सुधार गर्ने	४.१.१	कानून बमोजिम तोकिएको लेखापालन मापदण्ड पालना नभएको।	मध्य जोखिम	लेखापालनमा एकिकृत आर्थिक संकेत तथा लेखा फारामको पूर्ण पालना गर्ने।	आर्थिक वर्ष भरी	एकिकृत आर्थिक संकेत प्रयोग तथा लेखाकंनका लागि तोकिएको सफ्टवेयर प्रयोगमा आई CGAS+ पुर्णरुपमा लागु गरिएको	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
	४.१.२	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नभएको।	मध्य जोखिम	प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तर्जुमा गरी कार्यान्वय गर्नुपर्ने।	चालु आर्थिक वर्षभित्र	नियमावली तर्जुमा भएको हुने	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
४.२ बेरुजुको मात्रा घट्दै बेरुजु फछ्यौंटमा सुधार हुने	४.२.१	मलेपबाट हुने अन्तिम लेखापरीक्षणमा बेरुजुको मात्रा बृद्धि हुँदै गएको।	मध्य जोखिम	बेरुजु न्यूनिकरणको लागि कानुनको पुर्ण परिपालनमा जोड दिनुपर्ने।		बेरुजु न्यूनिकरण भएको हुने।	विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय
	४.२.२	बेरुजुको लगत अध्यावधिक नहुने	मध्य जोखिम	बेरुजुको लगत अध्यावधिक गरी फर्स्यौंटमा तदारुकता दिनुपर्ने		बेरुजु लगत	विषयगत मन्त्रालय तथा निकाय

५.अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

अपेक्षित नतिजा ५ : प्रभावकारी वित्तीय अनुगमन, पारदर्शिता, जवाफदेहितामा बढोतरी हुने

अपेक्षित परिणाम	संकेत नम्बर	पहिचान भएका सम्भावित जोखिमहरु	जोखिमको बर्गीकरण	जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय	समय सीमा	माइलस्टोन/मापनको आधार र स्रोतहरु	जिम्मेवार व्यक्ति/निकाय

५.१ अनुगमन प्रणाली सुधार गरी नातिजामूलक बनाउने।	५.१.१.	प्रभावकारी अनुगमन प्रणाली विकास नगरिएको।	उच्च जोखिम	सूचकमा आधारित अनुगमन व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने	चालु आर्थिक वर्षभित्र	अनुगमन प्रतिबेदनहरु तथा व्यवस्थापन सूचना प्रणाली आदि	विषगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग तथा आर्थिक मामिला तथा योजना मन्त्रालय
५.२ आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुने।	५.२.१	आन्तरिक नियन्त्रण प्रणाली लागु नभएको।	उच्च जोखिम	आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन २०८१ को अधिनमा रही विषयगत मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन तर्जुमा गर्ने।	चालु आर्थिक वर्षभित्र	आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन तर्जुमा भएको हुने	विषगत मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालय

समाप्त